# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, मंसीर २० गते २०६७ साल (संख्या ३३

## भाग ३

### नेपाल सरकार

### शिक्षा मन्त्रालयको सूचना

#### शिक्षा (पाँचौं संशोधन) नियमावली, २०६७

शिक्षा नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमहरूको नाम "शिक्षा (पाँचौं संशोधन) नियमावली, २०६७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२ शिक्षा नियमावली, २०५९ को नियम १३ मा संशोधनः शिक्षा नियमावली २०५९ को नियम १३ को उपनियम (२) पछि देहायका उपनियम (३), (४), (५) र (६) थपिएका छन् ।

"(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि सञ्चालन भएका संस्थागत विद्यालय वा कल्याणकारी उद्देश्यले न्यून शुल्कमा गुणस्तर शिक्षा प्रदान गर्ने गरी

३६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चालन भएका विद्यालयले एकं पटक कक्षा एकदेखि कक्षा पाँचसम्म वा कक्षा छ देखि कक्षा आठसम्म कक्षा थप गर्न चाहेमा अनुमतिको लागि जिल्ला शिक्षा अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(४) उप नियम (३) बमोजिम निवेदन परेमा जिल्ला शिक्षा अधिकारीले थप हुने कक्षाको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा जिल्ला शिक्षा समितिको सिफारिश सहित त्यस्तो निवेदन निर्देशक समक्ष पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त भएका निवेदन सहितको सिफारिश जाँचबुझ गर्दा मनासिब देखिएमा निर्देशकले जिल्ला शिक्षा समितिको सिफारिश बमोजिम शैक्षिक सत्र शुरु हुनुभन्दा अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम कक्षा थप सम्बन्धी अनुमति यो नियम प्रारम्भ हुनुभन्दा अघि सञ्चालन भएका संस्थागत विद्यालयको हकमा एक पटकको लागि मात्र दिन सकिने छ ।

आज्ञाले,
शङ्करप्रसाद पाण्डे
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।